ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs.                    Date: 09.01.2026

1. CM – Pashupati Nath Temple/Vishnu Neopany

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान नेपालको प्रसिद्ध मन्दिर पशुपतिनाथ मन्दिरमा दर्शन तथा पूजा अर्चना गर्नुभयो। यस पावन अवसरमा मुख्यमन्त्रीले सिक्किमवासीहरूको उत्तम स्वास्थ्य, शान्ति, समृद्धि तथा समग्र कल्याणको कामना गर्दै प्रार्थना गर्नुभयो। मन्दिर भ्रमणका क्रममा मुख्यमन्त्री तामाङले पशुपतिनाथ मन्दिर परिसरमा पवित्र पारिजातको बिरुवा पनि रोपण गर्नुभएको थियो। यसअघि, हिजो बिहीबार मुख्यमन्त्री तामाङले नेपालस्थित देवी भगवतीलाई समर्पित पवित्र मनकामना मन्दिरमा पनि दर्शन तथा पूजा अर्चना गर्नुभएको थियो।

2. SU Professor - PIB

सिक्किम विश्वविद्यालयको कम्प्युटर अनुप्रयोग विभागका सहायक प्राध्यापक (वरिष्ठ स्केल) पार्थ प्रतिमा रेलाई फेरि एक पटक स्ट्यानफोर्ड विश्वविद्यालयले एल्सेभियरसँगको सहकार्यमा जारी गरेको विश्वका शीर्ष २% वैज्ञानिकहरूको सूची (२०२५ संस्करण) मा समावेश गरिएको छ। यस प्रतिष्ठित विश्व वरियताक्रममा उहाँको लगातार छैटौं समावेश (२०२०-२०२५) हो। प्रख्यात अनुसन्धानकर्ता श्री रेले व्यापक जेनेरेटिभ एआई, एज कम्प्युटिङ, इन्टरनेट अफ थिंग्स र बायोमेडिकल इन्फर्मेटिक्समा अग्रणी योगदान दिनुभएको छ। उहाँको यस उपलब्धिले विद्यार्थी र विद्वानहरूलाई प्रेरणा प्रदान गरेको छ। साथै सिक्किम विश्वविद्यालयको लागि यो गर्वको क्षण हो।

## 3. Poultry Distribution - IPR

पशुपालन तथा पशु चिकित्सा सेवा विभागको सिक्किम ह्याचरी लिमिटेडद्वारा लागू गरिएको एक योजना अन्तर्गत आज पाकिमको पाचेमा कुखुरा वितरण कार्यक्रम आयोजना गरियो। कार्यक्रमको पहिलो चरणमा चार जिल्लाहरू पाकिम, गान्तोक, मंगन र नाम्ची रहेका छन्। यसबाट एक हजारभन्दा बढी किसान लाभान्वित हुनेछन्। प्रत्येक लाभार्थीले ३-४ हप्ताका ३० वटा कुरोइलर कुखुराहरू प्राप्त गर्ने छन्। कार्यक्रममा कृषि विभागका उपनिर्देशक डा. संज्योग राईले कुखुरा व्यवस्थापन सम्बन्धी चर्चा गर्नुभयो। उहाँले लाभार्थीहरूलाई उत्कृष्ट खेती अभ्यासहरू गर्न प्रोत्साहित गर्नुभयो। वितरण कार्यक्रममा कृषि भवनको कुखुरापालन शाखाका प्रमुख निर्देशक तथा कार्यालय प्रमुख डा. सन्दीप गुरुङ, सम्बन्धित विभागका अधिकारीहरू लगायत पाचेखानी ग्राम पञ्चायत एकाइका पञ्चायत सदस्यहरूको उपस्थिति रहेको थियो।

## 4. ICMR-NIRRCH/Desk

सिक्किम राज्यमा घट्दो कुल प्रजनन दरका कारणहरू पहिचान गर्न तथा बाँझोपन र सम्बन्धित प्रजनन स्वास्थ्य आवश्यकताहरू सम्बोधन गर्ने उद्देश्यले सिक्किम सरकारले भारतीय चिकित्सा अनुसन्धान परिषद् – राष्ट्रिय प्रजनन तथा बाल स्वास्थ्य अनुसन्धान संस्थान (ICMR-NIRRCH) सँगको सहकार्यमा एक अनुसन्धान अध्ययन सञ्चालन गर्दैछ। यस सन्दर्भमा दुई दिने परियोजना समन्वय बैठक गत ६ र ७ जनवरी २०२६ मा भारतीय अनुसन्धान परिषद (ICMR-NIRRCH) मुम्बईमा सम्पन्न भयो। यस अध्ययनको उद्देश्य सिक्किममा प्रजनन दरका प्रवृत्ति, तिनका आधारभूत कारणहरू तथा जनसांख्यिकीय संक्रमणको सन्दर्भमा स्वास्थ्य प्रणालीको तयारीसम्बन्धी प्रमाण सङ्कलन गर्नु हो। बैठकको अध्यक्षता भारतीय चिकित्सा अनुसन्धान परिषदका निर्देशक डा. **गीताञ्जली सचदेवले** गर्नुभयो। सिक्किम सरकारको तर्फबाट **रोहिणी प्रधान**, **डा. सुरेश मदन रसाइली**, **डा. न्यान्सी ल्हासुङ्पा**, **रोशनिला गुरुङ**, तथा **पेडेन शेर्पा** सहभागी हुनुभयो। परियोजनाका प्राविधिक सहयोगी कर्मचारीहरूले भर्चुअल माध्यमबाट सहभागिता जनाए।

बैठकमा परियोजना समन्वय प्रणाली, कार्यतालिका तथा जिम्मेवारीहरूलाई अन्तिम रूप दिइयो। अब अध्ययन, स्वीकृत कार्यतालिकाअनुसार क्षेत्रीय कार्यान्वयन चरणमा प्रवेश गर्नेछ। अन्तरिम निष्कर्षहरू सरोकारवाला निकायहरूसँग साझा गरिनेछ।

5. KISCE – Sagar Chettri

खेलो इन्डिया राज्य उत्कृष्टता केन्द्रले खेलो इन्डिया आवासीय कार्यक्रम अन्तर्गत एथलेटिक्स, आर्चरी र बक्सिङको लागि छनोट परीक्षण सञ्चालन गरिरहेको छ। केन्द्रले जारी गरेको प्रेस विज्ञप्तिअनुसार खेलाडीहरूलाई व्यावसायिक प्रशिक्षण र समग्र तालिम प्रदान गरेर उनीहरूको खेलकुद प्रतिभा पहिचान र पोषण गर्ने लक्ष्य राखेको छ। यस सन्दर्भमा राज्य उत्कृष्टता केन्द्रले १२ देखि १७ वर्ष उमेर समूहका प्रतिभाशाली युवा खेलाडीहरूलाई केन्द्रको खेलगाउँ, रेशीथाङ, गान्तोकमा आयोजना हुने आगामी छनोट परीक्षणमा भाग लिन आमन्त्रित गरेको छ। एथलेटिक्स र आर्चरीका लागि जनवरी १७ मा र बक्सिङको लागि जनवरी २३ मा छनोट परीक्षण हुने तालिका छ। युवा खेलाडीहरूका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो खेल प्रतिभा उजागर गर्ने यो एउटा महत्त्वपूर्ण अवसर हो भनेर विज्ञप्तिमा उल्लेख गरिएको छ।